बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA, PA.-7
P.O. BOXNO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

मिति : २०६८।१०।१९

परिपत्र ०६
का.नि.म.शा.२७ (०६८/६९) च.नं.२७४१

(०१) श्री नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०२) श्री दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०३) श्री राष्ट्रिय बीमा संस्थान
(०४) श्री नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०५) श्री हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
(०६) श्री यूनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
(०७) श्री प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
(०८) श्री एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
(०९) श्री नेको इन्सुरेन्स लिमिटेड
(१०) श्री सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड
(११) श्री एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड
(१२) श्री एन.वि.इन्सुरेन्स कम्पनी लिमिटेड
(१३) श्री प्रुडेन्सियल इन्स्योरेन्स कम्पनी लिमिटेड
(१४) श्री शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
(१५) श्री लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
(१६) श्री एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड
(१७) श्री सिद्धार्थ इन्स्योरेन्स लिमिटेड

विषय : मोटर बीमादर सम्बन्धी निर्देशिका, २०६६ बारे ।

उपर्युक्त सम्बन्धमा मोटर बीमादर सम्बन्धी निर्देशिका, २०६६ को कार्यान्वयन सम्बन्धमा ह्रास कट्टी गर्ने व्यवस्था एवं Earth Moving Vehicle को बीमाङ्क तथा क्षतिपूर्ति सम्बन्धमा देहाय बमोजिम गर्न निर्जीवन बीमा व्यवसाय गर्ने बीमकहरुलाई निर्देशन दिने समितिको निर्णयानुसार अनुरोध गरिन्छ ।

१. मोटर बीमादर सम्बन्धी निर्देशिका २०६६ को परिच्छेद २, बीमालेख सम्बन्धी व्यवस्था अन्तर्गत २.६, २.७ र २.८ अन्तर्गत रहेको अनुसूची १, अनुसूची २ र अनुसूची ३ अन्तर्गत रहेका बीमालेख सम्बन्धी व्यवस्थाको परिच्छेद-१ को प्रकरण ३ बमोजिम ह्रास कट्टी गर्दा देहाय बमोजिम गर्नु गराउनु हुन-।

बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA, PA.-7
P.O. BOXNO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

| नेपालमा दर्ता भएको मिति देखि गणना गर्दा सवारी साधनको उमेर | ह्रास कट्टीको दर | ह्रास कट्टी गणना गर्ने तरिका |
|---|---|---|
| ६ महिना भन्दा कम | ० प्रतिशत | |
| | | |
| ६ महिना देखि १ वर्ष भन्दा कम | ५ प्रतिशत | सवारी साधनको उमेरको आधारमा छ महिना पुरा भएपछि एक बर्ष सम्म प्रत्येक महिना तथा महिना पुरा नहुने भएमा दिन समेत गणना गरी त्यस्तो अवधिको लागि मात्र समानुपातिक रुपमा एक देखि पाँच प्रतिशतका दरले हिसाव गर्ने । |
| १ वर्ष देखि २ वर्ष भन्दा कम | १० प्रतिशत | सवारी साधनको उमेरको आधारमा एक वर्ष देखि दुई वर्षसम्म ह्रास कट्टी गणना गर्दा प्रत्येक महिना तथा महिना पुरा नहुने भएमा दिन समेत गणना गरी त्यस्तो अवधिको लागि समानुपातिकरुपमा पाँच देखि दश प्रतिशतका दरले हिसाब गर्ने । |
| २ वर्ष देखि ३ वर्ष भन्दा कम | १५ प्रतिशत | सवारी साधनको उमेरको आधारमा दुई वर्ष पुरा भएपछि तीन वर्षसम्म ह्रस कट्टी गणना गर्दा प्रत्येक महिना तथा महिना पुरा नहुने भएमा दिन समेत गणना गरी त्यस्तो अवधिको लागि समानुपातिक रुपमा दश देखि पन्ध्र प्रतिशतका दरले हिसाब गर्ने । |
| ३ वर्ष देखि ४ वर्ष भन्दा कम | २५ प्रतिशत | सवारी साधनको उमेरको आधारमा तीन वर्ष देखि चार वर्षसम्म ह्रास कट्टी गणना गर्दा प्रत्येक महिना तथा महिना पुरा नहुने भएमा दिन समेत गणना गरी त्यस्तो अवधिको लागिमात्र समानुपातिक रुपमा पन्ध्र देखि पच्चीस प्रतिशतका दरले हिसाब गर्ने । |
| ४ वर्ष देखि ५ वर्ष भन्दा कम | ३५ प्रतिशत | सवारी साधनको उमेरको आधारमा चार वर्ष देखि पाँच वर्षसम्म ह्रास कट्टी गणना गर्दा प्रत्येक महिना तथा महिना पुरा नहुने भएमा दिन समेत गणना गरी त्यस्तो अवधिको लागि समानुपातिक रुपमा पच्चीस देखि पैंतीस प्रतिशतका दरले हिसाब गर्ने । |
| ५ वर्ष देखि १० वर्ष भन्दा कम | ४० प्रतिशत | सवारी साधनको उमेरको आधारमा पाँच वर्ष देखि दश वर्षसम्म ह्रस कट्टी गणना गर्दा प्रत्येक महिना तथा महिना पुरा नहुने भएमा दिन समेत गणना गरी त्यस्तो अवधिको लागि समानुपातिक प्रतिशतको आधारमा हुने दरले हिसाब गर्ने । |
| १० वर्ष वा सो भन्दा बढि | ५० प्रतिशत | सवारी साधनको उमेरको आधारमा दश वर्ष देखि माथि पाँच वर्षसम्म चालिस प्रतिशतबाट प्रत्येक वर्षको लागि दुई प्रतिशत वृद्धि गर्दै जाने र पाँच वर्ष पुरा भै सकेपछि पचास प्रतिशतका दरले हिसाब गर्ने । |

बीमा समिति
BEEMA SAMITI
CHABAHIL, KA. MA, PA.-7
P.O. BOXNO. 2172, KATHMANDU, NEPAL
TELEPHONE : 4810818, 4810989, 4811057
TOLL FREE NO. : 1660-01-56789
FAX : 977-1-4810490
E-MAIL : bsib@wlink.com.np
WEBSITE : www.bsib.org.np

२. Earth Moving Vehicle हरु जस्तै एक्साभेटर (Excavator), लोडर (Loader), क्रेन (Crane) लगायतका साधनहरुको जुनसुकै प्रकारको बीमालेख अन्तर्गत बीमा गरेको भएतापनि उक्त साधनहरुको बीमा गर्दा मोटर बीमादर सम्बन्धी निर्देशिका, २०६६ बमोजिम हुने गरी घोषित बीमाङ्क मूल्यलाई बीमा अवधिभर कायम गर्ने र पूर्ण क्षति (Total Loss) भएको अवस्थामा ह्रास कट्टा लगायत कुनैपनि प्रकारको अधिक (Excess) कट्टा नगर्ने ।

३. यस पूर्व जारी भएको मोटर बीमा तथा Earth Moving Vehicle हरुको दावी भुक्तानी गर्दा समेत माथि बुँदा नं.१ र २ को आधारमा गर्ने, गराउने ।

(शेखर कुमार अर्याल)
का.मु.निर्देशक